फोन नं. ०७५-५२०१४५

लुम्बिनी प्रदेश सरकार

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पाल्पा

**दोस्रो पटक प्रस्ताव आव्हानको सूचना**

**२०८१/८२ सूचना नं. ६** **मिति २०८१/११/०४**

यस विज्ञ केन्द्रको आ.व.२०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपशिलका कार्यक्रममा सहभागि हुन ईच्छुक आवेदकले यो सुचना प्रकाशन भएको मितिले ७ दिन भित्र ( मिति २०८१/११/११ गते सम्म) यस केन्द्रमा तपशिलका आवश्यक कागजातहरु सहित निवेदन पेश गर्नु हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ । प्रस्तावनाको साथमा पेश गर्नु पर्ने निवेदन/ प्रस्तावनको ढाँचा,संलग्न गर्नु पर्ने कागजातहरु र मापदण्ड यस कार्यालयको वेवसाइड *www.vethospalpa.gov.np* / सुचना पाटीवाट पनि प्राप्त गर्न सकिनेछ । थप जानकारिको लागि कार्यालयको सम्पर्क नम्बर ०७५५२०१४५/९८५७०६०८३६ मा सम्पर्क गर्न सकिन्छ । रित नपुगेका वा म्याद नाघि आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत अनुरोध छ ।

| क.स. | कार्यक्रमको नाम | कृयाकलापहरु | कार्यक्रम संचालनको मापदण्ड | संचालन हुने स्थान | अनुदान सिमा |
|---|---|---|---|---|---|
| १ | **बाख्रा प्रवर्द्धन कार्यक्रम (रैनादेवी छहरा गाउँपालिका )** | • खोर निर्माण/सुधार,Dipping Tank खरिद/ निर्माण तथा जडान<br>• मेशिनरी औजार<br>• उन्नत घाँस खेती ,नश्ल सुधार<br>• औषधि/उपचार तथा खोप्<br>• जैविक सुरक्षा | • फार्म/कम्पनी/कृषक समुह/सहकारी संस्था मार्फत कार्यक्रम संचालन गर्न सकिने ।<br>• पहाडमा र तराईमा प्रति फर्म ५ माउ वाख्रा पालन गरेको हुनु पर्ने ।<br>• समुह/ सहकारीको हकमा कम्तिमा ५० माउ बाख्रापालन गरेको हुनु पर्ने ।<br>• पशुहकरुको वीमा गर्ने अभ्यास गरेको हुनु पर्ने ।<br>• फर्म/कमपनी/ कृषक समुह/ सहकारी संस्थालाई प्राथमिकता दिनु पर्ने । | **रैनादेवी छहरा गा.पा.** | • पूर्वाधार र नश्ल सुधारमा ७५ प्रतिशत ,<br>• अन्य अन्य उत्पादन सामग्री र यन्त्र उपकारणमा ५० प्रतिशत<br>• फर्म /कम्पनी/प्रति आयोजना अधिकतम रु १ लाख र समुह/ सहकारी अधिकतम रु ५ लाखसम्म अनुदान दिन सिकने |
| २ | **बंगुर प्रवर्द्धन कार्यक्रम ( तिनाउ गाउपालिका )** | • खोर निर्माण/सुधार,<br>• मेशिनरी औजार<br>• पोषणयुक्त घाँस सहित आहारा<br>• नश्ल सुधार<br>• औषधि/उपचार तथा खोप<br>• जैविक सुरक्षा | • फार्म/ कम्पनी/ कृषक समुह/ सहकारी संस्था मार्पत कार्यक्रम संचालन गर्न सकिने ।<br>• प्रति फर्म कम्तीमा ३ माउ सहित ५ वटा वंगुर पालन गरेको हुनु पर्ने ।<br>• समुह/ सहकारीको हकमा कम्तिमा २० माउ वंगुर पालन गरेको हुनु पर्ने । | • **तिनाउ गा.पा.** | • पूर्वाधार र नश्ल सुधारमा ७५ प्रतिशत ,<br>• अन्य अन्य उत्पादन सामग्री र यन्त्र उपकारणमा ५० प्रतिशत<br>• फर्म /कम्पनी/प्रति |

कार्यालय प्रमुख

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
तानसेन, पाल्पा

| | | | | | |
|---|---|---|---|---|---|
| | | | • पशुहरुको वीमा गर्ने अभ्यास गरेको हुनु पर्ने ।<br>• फर्म/कमपनी/ कृषक समुह/ सहकारी संस्थालाई प्राथमिकता दिनु पर्ने । | | आयोजना अधिकतम रु १ लाख र समुह/ सहकारी अधिकतम रु ३ लाखसम्म अनुदान दिन सक्ने । |
| ३ | प्लाष्टिक पोखरी निर्माण<br>संख्या -५ | •पानीको श्रोतको रुपमा मूल खोला, कुलो वा नहरको व्यवस्था हुनुपर्ने ।<br>निर्माण गरिने प्लास्टिक पोखरीको जग्गाको स्वामित्व आफ्नै हुनु पर्ने वा ठेक्कामा लिएको भए सम्झौता कम्तिमा ५ वर्षको हुनु पर्ने ।<br>•सडक, विजुली , बत्तीको सुविधा भएको हुनु पर्ने,'कार्यालयले उपलब्ध गराएको ले-आउट तथा डिजाईन बमोजिम २०० देखि ५०० बर्ग मिटरको .पोखरी निर्माण गरी पिधमा न्युनतम १२० र डिलमा २०० Gram per square meter को बहुपत्रिय प्लाष्टिक प्रयोग गर्नु पर्ने ।<br>•पोखरीको गहिराई कम्तिमा १.५ मिटर हुनुपर्ने ।<br>•प्राङ्गारिक तथा रसायनिक मलखादको प्रयोग नियमित रुपले गर्नु पर्नेछ ।पिधको | • प्लाष्टिक पोखरीमा पानीको व्यवस्थापन तथा सिँचाईको लागि मोटर खरिद तथा जडान ।<br>• २ देखि ३ प्रति बर्ग मिटरका दरले एडभान्स फिङ्गरलिङ्ग स्टकिङ्ग गर्नु पर्नेछ ।<br>• महिनामा १ पटक माछाको बृद्धि चेकजाँच गर्नुपर्नेछ र शारिरीक तौलको आधारमा आहाराको मात्रा निर्धारण गरि प्रयोग गर्नु पनेछ ।<br>• माछालाई आहाराको रुपमा सकेसम्म भान्छाबाट निस्केको साथै स्थानीयस्तरमा सजिलै उपलब्ध हुने ब्रान पिना तथा. भटमासको पिठोको समिश्रण आवश्यक मात्रामा प्रयोग गर्नु पर्ने ।<br>• डिलको सदुपयोग तरकारी तथा अन्य कृषिका उपजहरु उत्पादन गर्न प्रयोग गर्नु पर्ने ।<br>• उत्पादित माछा पारिवारीक पोषणमा सुधार ल्याउन आवश्यक मात्रा उपभोग गरेर अतिरिक्त भएको बजारमा विक्री वितरण गर्नु पर्ने । | • जिल्ला भर | • स्वीकृत बजेटको परिधि भित्र रहि कार्य योजना स्वीकृत गरि बढीमा रु. १ लाख मात्र वा कूल लागतको ७५ प्रतिशत अनुदान ।<br>• पोखरी तथा डिल निर्माणको लागत कृषक स्वयमले व्यहोर्नु पर्नेछ |

नि. प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| | | भागमा बहुपत्रिय प्लाष्टिक माथी कम्तीमा ०.३ मिटर माटो हाल्नु पर्ने ।<br>• बहुजातिय कार्प पालन पद्धती अपनाउनु पर्ने । | | | |

संलग्न गर्नु पर्ने कागजातहरूः

१. प्रस्तावकको निवेदन (अनुसूची ३३ बमोजिम)

२. दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (समूह/निजी फर्म/कम्पनी/सहकारी)।

३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि।

४. कृषक तथा कृषक समूहको हकमा स्थायी लेखा नम्बर, प्रमाण-पत्रको प्रतिलिपि (छनोट भएमा सम्झौता पूर्व पेश गर्नु पर्ने)।

५. कार्यक्रम सञ्चालनको लागि व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव (कार्यक्रमको प्रकृति अनुसार) (अनुसूची-३५ बमोजिम)।

६. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र।

७. प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि।

८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि।

९. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा।

जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा १० वर्ष वा तोकिएको अवधिको करार पत्र) ।

**नोट**: कार्यक्रमको प्रकृति अनुसार सम्बन्धित कार्यालयले सूचनाको ढाँचा तथा अवधि थप सहित परिमार्जन गरी प्रकाशन गर्न सक्नेछ साथै कार्यक्रमको प्रकृति अनुसार कागजातहरूको विवरण थपघट गर्न सकिने छ। सम्पर्कका लागि ९८५७०६०८३६ र ९९४७०६७२६५

नि.प्रमुख